# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

न्युरोड, कास्की

(सामाजिक प्रशासन महाशाखा)

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@ pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०७६/०७७

चलानी नं.

मिति :-२०७७/२/२०

अधिकृत आठौं तह

**पोखरा महानगरपालिकाद्वारा श-शुल्क Quarantine संचालनका लागि होटल प्रतिष्ठानहरुलाई प्रस्ताब पेश गर्न जारी गरिएको सार्बजनिक सुचना !!!**

नेपाल सरकारको निर्णय बमोजिम पोखरा महानगरपालिकाले महानगरबासी तथा यस जिल्ला भित्र अस्थायी बसोबास गरेका र हाल विदेशमा रहेका नागरिकहरुको लगत संकलन गरिरहेको छ । यसका लागी महानगरपालिकाको **Website** मा लगत संकलन फारम डाउनलोड गरी महानगरमा पठाउन सकिने व्यवस्था गरिएको जानकारी गराउन चाहन्छौं । संकलित लगत अनुसार यूरोप, अष्ट्रेलिया, अमेरिका जापान, चिन, मलेसिया, कोरिया, क्यानाडा, खाडी मुलुक, सार्क राष्ट्र र नेपालका विभिन्न स्थानबाट आउने व्यक्तिहरुलाई **Self Paid Quarantine** को व्यवस्था गरी १४ (चौध) दिन सम्म बिभिन्न स्तरका होटलहरुमा बस्ने व्यवस्था गर्नु पर्ने भएको हुदाँ सोको लागि होटललाई प्रयोगमा ल्याउन इच्छुक तपशिल बमोजिम मापदण्ड भित्र रहेका होटल संचालकहरुले यसै सुचनालाई आधारमानी नियमानुसार लाग्ने सम्पूर्ण कर सहित **Single Room,Double Room** को क्षमता, **Extra Bed** र तल उल्लेखित सेवा सुविधा मापदण्ड बमोजिम उपलब्ध गराउन सकिने न्यूनतम दररेट सहित मिति २०७७ जेठ २५ गते भित्र **info@pokharamun.gov.np** मा पठाई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**मापदण्डहरु :**

१. होटलमा संचालक वा अन्य व्यक्ति आवाशिय रुपमा वसोवास नगरेको, व्यक्तिगत घरसँग नटासिएको र कम्पाउण्ड भएको तथा कम्पाउण्ड भित्र **Fever Clinic** तथा सुरक्षा प्रवन्ध मिलाउन सकिने व्यवस्था भएको ।

२. होटलमा रहने सम्पूर्ण अतिथिहरुलाई विहान, दिउँसो र बेलुकाको खाना, खाजा (दैनिक खाना र खाजा २/२ पटक) स्वच्छ पिउने पानी व्यवस्था गर्नु पर्ने ।

३. आवश्यक कर्मचारी सहित कम्तीमा १५ (पन्ध्र) कोठा भन्दा बढी भएको.।

४. होटल प्रतिष्ठान आधिकारीक रुपमा सरकारी निकायमा दर्ता भएको ।

५. प्रत्येक कोठामा एट्याच बाथरुम, प्रतिव्यक्ति डिजिटल थर्ममिटर, लामखुट्टे धपाउने धुप, सरसफाई सामाग्रीहरु साबुन, सरफ, टावेल, टुथब्रस र टुथपेष्ट को उपलब्ध गराउनु पर्ने ।

६. पोखरा महानगरपालिकापालिकाले तय गरेको मापदण्डका आधारमा होटल प्रतिष्ठान छनोट गरिने छ ।